म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०६ आइतबार १० मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 26 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २५ जनाले गरे रक्तदान

हेटौंडा, ९ मंसिर/मकवानपुरको हेटौंडामा शनिबार रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रम रोट्रयाक्ट क्लब अफ मकवानपुर र रोट्रयाक्ट क्लब अफ हेटौंडाको संयुक्त आयोजनामा भएको हो ।

स्व. सचिन मेमोरियलको सम्झनामा रोट्रयाक्ट डिस्ट्रिक्ट ३२९२ ले देशभर रहेको रोट्रयाक्ट क्लबमा एकैसाथ रक्तदान कार्यक्रमको आयोजना गरेको रोट्रयाक्ट क्लब अफ मकवानपुरका अध्यक्ष राजन कटुवालले जानकारी दिए । हेटौंडाको बुद्धचोकमा भएको कार्यक्रममा २५ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा रोट्रयाक्ट क्लब अफ हेटौंडाका अध्यक्ष अमृत लामिछाने, रोटरी क्लब अफ मकवानपुरका पूर्वअध्यक्ष कविन सांगामी, रोट्रयाक्ट क्लब अफ मकवानपुरका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारी, क्लबका पूर्वअध्यक्षहरु, सदस्यहरुलगायतको सहभागिता रहेको थियो ।

# थाहानगरलाई फिल्मसिटी बनाउने प्रस्ताव

साझाकुरा संवाददाता




हेटौंडा, ९ मंसिर/ मकवानपुरको थाहा नगरपालिकालाई फिल्म सिटीको रुपमा विकास गर्न शनिबारबाट थाहा नगरपालिकामा पहिलोपटक 'थाहा फिल्म फेस्टिभल' सुरु भएको छ ।

थाहा नगरपालिकाको इन्दायणीचौरमा रहेको जेसीज हलमा सुरु भएको फिल्म फेस्टिभलको उद्घाटन गर्दै बागमती प्रदेशका उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले फेस्टिभलले थाहाको पर्यटन प्रवर्द्धनको साथै फिल्म सिटी निर्माणको उद्धेश्य पूरा गर्न सकिने बताए ।

काठमाडौंको सीमानामा रहेको थाहा नगरपालिका प्राकृतिक तथा सांस्कृतिकरुपमा धनी भएको भन्दै मन्त्री चित्रकारले सरकारले फिल्म उद्योगलाई ब्यवस्थित बनाउँदै फिल्म सिटीको अवधारणा अनुसार काम गर्नुपर्नेमा जोड दिए ।
उनले भने 'हामीले भारतको फिल्म उद्योग भन्नेवित्तिकै मुम्बईलाई सम्झन्छौं, त्यहा ठूला फिल्मसिटीहरु निर्माण भएका छन्, हामीले नेपाली चलत्रिको विकासको लागि नेपालमा पनि यस्ताखाले फिल्म सिटिको अवधारणालाई अघि सार्नुपर्छ, त्यसको लागि थाहा नगरपालिका उपयुक्त स्थल हो ।'

फेस्टिभलमा थाहा नगर पालिकामा जन्मेर नेपाली कलाकारिता क्षेत्रमा योगदान दिएका दर्जन बढी श्रष्टालाई सम्मान गरिएको थियो भने करिब आधा घण्टाको थाहाको पर्यटन र सास्कृतिक पक्ष समेटिएको बृत्तचित्र प्रस्तुत गरिएको थियो । फेस्टिभलमा चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, भ्लग लगायत प्रर्दशन हुने आयोजकले जनाएको छ । थाहा नगरमा चलचित्र छायांकनको स्थल विकास तथा प्रचार गर्ने गरी आयोजकले विभिन्न पर्यटकीयस्थलमा चलचित्रकर्मीलाई भ्रमण पनि गराउने छ ।

थाहा नगरपालिकाको मुख्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी फेस्टिभलमा बृत्तचित्र प्रर्दशन गरिने आयोजक थाहा कलाकेन्द्रका सानुबाबु मुक्तानले बताए । चलचित्र छायांकनको लागि उपयुक्त स्थलको बारेमा फेस्टिभलमा आएका चलचित्र निर्माता, निर्देशक तथा कालाकारलाई जानकारी दिनेगरी बृत्तचित्र तयार पारिएको मुक्तानको भनाई छ ।

कार्यक्रम अवधिभर थाहाको पर्यटकीय क्षेत्रको अवलोकन गर्ने थाहानगरको पर्यटन बढाउने तस्वीर कार्यक्रम स्थलमा अवलोकन गराइनेछ । यसैगरी चलचित्र, लघुचलचित्र, म्युजिक भिडियो, भ्लग तथा इत्यादिका निर्माता, निर्देशक, कलाकार तथा निर्माण पक्षलाई थाहा नगरपालिकासँग पारस्परिक गराउन प्रयास गर्ने आयोजकले जनाएको छ ।

फेस्टिभलमा चलचित्र, लघुचलचित्र, म्युजिक भिडियाको निर्माता, निर्देशक तथा निर्माण समूहसँग विशेष अन्तरक्रिया गराइनेछ । मकवानपुरमै पहिलोपटक फिल्म फेस्टिवलको आयोजना भएकोले फेस्टिवलका विशेष आकर्षक हुने आयोजकको दाबी छ ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, थाहा नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली, वडा नम्बर ६ का वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, फ्लोरिकल्चर एसोसिएसनका मीनबहादुर तामाङ, आयोजक समितिका सहसंयोजक राजीवकुमार स्याङ्तान, नेकपा माओवादी केन्द्र थाहानगर समिति अध्यक्ष विनोदकुमार लामा, जनकल्याण माविका प्रधाध्यापक सानोभाइ कार्कीलगायतले थाहानगरको कला, संस्कृति र पर्यटन क्षेत्रको विकासका बारेमा चर्चा गरेका थिए ।

बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाको सहयोगमा आयोजना गरिएको फिल्म फेस्टिवलको पहिलो दिन शनिबार थाहानगरको पर्यटकीय क्षेत्रको वृत्तचित्र प्रर्दशनी गरिएको हो । कार्यक्रममा कला र संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने विजयश्याम अमात्य, बाबुसाहेब बलामी, वीरमान स्याङ्तान, सगुन तामाङ र केशव सापकोटालाई सम्मान गरिएको थियो ।

फिल्म फेस्टिवलमा छ वटा चलचित्र, १६ वटा लघुचलचित्र र छ वटा वृत्तचित्र प्रदर्शनी गरिने छ । डेसान, बुलबुल, ऐन झ्यालको पुतली, राधा, प्रकाश र आमा खाण्डोको प्रदर्शनी गरिने छ ।

# सगरमाथा साकोसको नेतृत्वमा पुन: डोटेल




साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ हेटौंडा-४ स्थित सगरमाथा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २२ औं साधारणसभा तथा पाँचौं अधिबेशनले पुन: आयुषकुमार डोटेललाई नेतृत्वको जिम्मेवारी दिएको छ ।

प्रतिनिधिसभा सदस्य तथा पूर्वाधार विकास समितिका सभापति दीपकबहादुर सिंहले उद्घाटन गरेको साधारणसभाले डोटेलको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

समितिमा उपाध्यक्ष श्रीराज खतिवडा, सचिव रामचन्द्र नेपाल, कोषाध्यक्ष निसा सिग्देल तथा सदस्यहरुमा रुपक रिजाल, उमेश पुरी र ब्रबिम बर्तौला चयन भएका छन् । श्रृजन नेपालको संयोजकत्वमा रमिला मैनाली र प्रदीप खड्का सदस्य रहेको लेखा समिति यचन गरिएको छ । अधिवक्ता मुकुन्दप्रसाद अधिकारी, सुस्मिता महत, आशिष गौतमको निर्वाचन मण्डलले नयाँ नेतृत्व सर्बसम्मत चयन गरेको हो ।

आर्थिक वर्ष २०७८/०७९ मा ५ हजार १ सय ५३ शेयर सदस्य रहेको सहकारी संस्थाले आ.व. २०७९/०८० मा ५ हजार ६ सय ३ शेयर सदस्य पुऱ्याएको छ । शेयर पुंजी २ करोड ५३ लाख ४९ हजार ४ सय रहेकोमा गत आ.व.मा शेयर पुँजीमा वृद्धि भई २ करोड ५९ लाख ८८ हजार ८ सय पुगेको हो । सहकारी संस्थामा सदस्यहरुको विश्वास बढ्दै जाँदा १९ करोड ३२ लाख ६९ हजारबाट वृद्धि भई गत आ.व.मा ६९ करोड १७ लाख २ हजार बचत संकलन गर्न संस्था सफल भएको छ ।

सहकारी संस्थाले आ.व. २०७९/०८० मा १८ करोड ९६ लाख ७२ हजार ऋण प्रवाह गरी कूल १ करोड ९९ लाख ३ हजार रुपैयाँ आम्दानी गर्न सफल भएको छ ।

कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नबीन सिग्देल, हेटौंडा उपमहानगरपालिका सहकारी अधिकृत हिमप्रसाद पौडेल, राष्ट्रिय सहकारी बैंकका शाखाप्रमुख रामेश्वर अर्याल, जिल्ला कृषि सहकारी संघका ब्यवस्थापक नरेश आचार्य, नेफ्स्कुन फिल्ड सहायक बिजयबहादुर बस्नेतलगायतका अतिथिहरुको सहभागिता रहेको थियो ।

# मंसिर १४ बाट महिला तथा पुरुष भलिबल प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ हेटौडा उपमहानगरपालिकाको सहयोगमा भलिबल प्रशिक्षक स्व. केशबालाल श्रेस्ठ स्मृति उपमेयरकप महिला तथा पुरुष भलिबल प्रतियोगिता आगामी मंसिर १४ गतेदेखि आयोजना हुने भएको छ ।

प्रतियोगिताको छैठौं सस्करणका रुपमा १४ गतेदेखि १७ सम्म आयोजना गरिने प्रतियोगिता हेटौडा-१९ नेवारपानी सहरी स्वास्थ्यकेन्द्रको खेलमैदानमा हुने जिल्ला भलिवल संघका अध्यष बसन्तकुमार सिटौलाले जानकारी दिए ।

संघले हेटौंडा उपमहानगरका सबै वडाका महिला तथा पुरुष भलिबल खेलाडीलाई सहभागी हुन सूचना जारी गरेको अध्यक्ष सिटौलाले बताए ।

प्रतियोगिताको बिजेता टिमले ५० हजार रुपैयाँ नगद र मेडल तथा प्रमाणपत्र पाउनेछन् भने उपबिजेताले ३० हजार रुपैयाँ तथा मेडल, प्रमाणपत्र पाउने बताइएको छ ।

# प्रमुख प्रशासकीय अधिकृतसहित १४ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर




साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खैरहनी नगरपालिका चितवनका प्रमुख प्रशासकीय अधिकृत सहित १४ जनाविरुद्ध बिहिबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयअन्तर्गत कुमरोज सामुदायिक वन उपभोक्ता समूहलाई निकुञ्जको कोर इलाकामा १६ कोठाको लजसहित भ्यू टावर निर्माण गर्न दिने क्रममा भ्रष्टाचार भएको भन्ने अभियोगमा शुक्रबार आयोगले मुद्दा दायर गरेको हो ।

आयोगले खैरहनी नगर पालिकामा प्रमुख प्रशासकीयअधिकृत पुरुषोत्तम शर्मा, इञ्जिनियर राजेश कोइराला र सवइञ्जिनियर सुमन श्रेष्ठविरुद्ध ३१ लख ५९ हजार सात सय ३५ रुपैयाँ बराबरको बिगो दाबी गरेको छ । यस्तै, तत्कालीन सहायक संरक्षण अधिकृत अभिनय पाठकविरुद्ध पनि समान बिगो दाबी गरिएको छ ।

वन उपभोक्ता समूह र कङ्क्रिट मचान निर्माण समितिका तत्कालीन अध्यक्ष हीराबहादुर गुरुङविरुद्ध एक करोड १९ लाख पाँच हजार छ सय तीन रुपैयाँ, वन उपभोक्ता समूहका तत्कालीन कोषाध्यक्ष शम्भु जिसी भनिने समर बहादुर घर्तीविरुद्ध ८९ लाख दुई हजार छ सय ६५ रुपैयाँ बराबरको बिगो दाबी गरिएको छ ।

कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष गणेशकुमार श्रेष्ठ र कोषाध्यक्ष उज्ज्वल बर्तौलाविरुद्ध १३ लाख ३१ हजार दुई सय १७ रुपैयाँ बराबरको बिगो माग दाबी गरिएको आयोगले जनाएको छ ।

आयोगले बुढीराप्ती उपभोक्ता समितिका तत्कालीन अध्यक्ष नारायणदत्त तिमिल्सिना र कोषाध्यक्ष सोमराज कडरियाविरुद्ध ७८ हजार रुपैयाँ र कङ्क्रिट मचान उपभोक्ता समितिका कोषाध्यक्ष ठण्डाकुमारी दाहाल र सचिव कल्याण लटौलाविरुद्ध ३५ लाख ५० हजार नौ सय ५२ रुपैयाँ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

# सरकारले आगामी बैशाख ९ र १० मा लगानी सम्मेलन गर्ने

साझाकुरा संवाददाता



हेटौंडा, ९ मंसिर/नेपाल सरकारले आगामी बैशाख ९ र १० गते नेपालमा लगानी सम्मेलन गर्ने भएको छ । देशमा प्रत्यक्ष वैदेशिक लगानी भित्राउने उद्देश्यले लगानी सम्मेलन गर्न लागिएको हो ।

अर्थमन्त्री प्रकाशशरण महतले अर्थ मन्त्रालयको नेतृव सम्हाले लगत्तै लगानी सम्मेलनको तयारी गरेका थिए ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले लगानी सम्मेलनमार्फत विदेशी लगानी आकर्षित गर्न खोजेको बताए । नेपाललाई लगानीको गन्तव्यका रुपमा चिनाउन सरकारले लगानी सम्मेलन गर्ने भएको हो । २०७३ फागुन र २०७५ चैतको सफलतापछि लगानी बोर्ड नेपालले तेस्रो पटक लगानी सम्मेलन आयोजना गर्ने भएको हो ।

यसअघि पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री रहेका बेला २०७३ फागुन १९ र २० तथा केपी शर्माओली प्रधानमन्त्री हुँदा २०७२ चैत १५ र १६ गते लगानी सम्मेलन भएको थियो । संसारभर रहेका लगानीकर्ता जसले नेपालमा लगानी गर्न सक्छन् उनीहरुलाई नेपालका बारेमा जानकारी गराउने र सरकारले नै यसमा प्रतिबद्धतता गर्नेछ । यो सबै पहलकदमी सरकारीस्तरबाटै हुनेछ । प्रतिबद्ध लगानीकर्तालाई सम्मेलनमा सहभागी गराएपछि सम्मेलन अर्थपूर्ण हुने अधिकारीहरुको बुझाइ छ ।

यतिखेर विदेशी लगानीकर्ता माझ लगानीको सुरक्षा र प्रतिफल ग्यारेन्टीमार्फत आफूप्रतिको विश्वनीयता देखाउने चुनौती सरकारसामु छ । अन्तर्राष्ट्रिय लगानीकर्तामाझ देशको सम्भावना उजागर गर्दै नेपाललाई लगानी गन्तव्यका रुपमा चिनाएर सरकारले वैदेशिक लगानी भित्राउन फेरि लगानी सम्मेलन गर्न लागेको हो । लगानी बोर्ड नेपालको ५३ औं बैठकले २०८० मै आयोजना हुन लागेको लगानी सम्मेलनको अवधारणपत्र स्वीकृति गर्नुको साथै सम्मेलन आयोजना गर्ने आवश्यक पूर्वतयारीका लागि लगानी बोर्डको कार्यालयलाई जिम्मेवारी दिइसकेको थियो ।

बोर्डले आवश्यक तयारी थालिसकेको छ । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट भाषणमा लगानी सम्मेलन आयोजना गर्ने तयारी गरेको हो । सम्मेलनअघि नै नेपाल ल्याउन सकिने सम्भावित कम्पनीको खोजी गरेर त्यहाँसम्म पुग्ने योजनाअनुसार अहिले काम भइरहेको अर्थका अधिकारीहरुले बताएका छन् ।

सम्मेलनको पूर्वतयारीमै कम्पनी खोजी गर्ने र नेपाल आउनका लागि सहमत गराउने काम हुने साथै यसका लागि कुटनीतिक नियोगदेखि राजनीतिक नेतृत्वसम्म परिचालन हुने भएको छ । यसअघिका सम्मेलनमा चिठी पठाउने र सोही आधारमा सहभागी भएकाहरुले खास लगानी नगर्ने गरेको घटनाबाट पाठ सिक्दै यो पटक अलि विस्तृत तयारी गर्न खोजिएको अधिकारीहरुले बताएका छन् ।

सरकारले यो सम्मेलनबाट सकेसम्म विश्वव्यापीरुपमा प्रतिष्ठित कुनै एक/दुई वटा कम्पनी भित्राउन खोजेको बताइएको छ । विशेषगरी सूचनाप्रविधिको क्षेत्रमा नेपालमा युवाहरुको स्वतस्फूर्त आकर्षण देखिएपछि सरकारले यही क्षेत्र केन्द्रित लगानीको खोजी गर्ने भएको छ । आगामी लगानी सम्मेलनबाट सूचना प्रविधिको क्षेत्रमा नाम कमाएको एउटा कम्पनी भित्राउन सकिएमा त्यसले धेरै प्रभाव पार्ने बुझाइ अधिकारीहरुको छ । त्यसका लागि राजनीतिक तहबाटै प्रतिबद्धता गर्न परे गर्ने तयारी रहेको छ ।


## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर




☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# भगिनी सम्बन्धको उपयोग

हेटौंडा उपमहानगरपालिका र सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ । शुक्रबार सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकामा आयोजित कार्यक्रममा दुई स्थानीय तहबीच भगिनी सम्बन्ध स्थापित गरिएको हो । हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा र पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामाले भगिनी सम्बन्ध कायम गर्ने सहमतीपत्रमा हस्ताक्षर गरेका थिए । दुई पालिकाबीच आसपमा असल अभ्यास, कार्यसम्पादनका सवालमा सिकाई लगायतका विषय आदान-प्रदान गर्नका लागि भगिनी सम्बन्ध कायम गरिएको बताइएको छ । आगामी दिनमा एकले अर्को पालिकालाई सहयोग गरी अघि बढ्नका लागि भगिनी सम्बन्धलाई प्रभावकारी ढंगबाट अगाडि बढाइने छ । आगामी दिनमा दुवै पालिकाका कार्यपालिका सदस्यबीच आपसी छलफलमार्फत सहकार्य, सहयोगात्मक अभियानका गतिविधीलाई अगाडि बढाइने भएको छ । गुरु रेम्पोछेको प्रतिमा शिलान्यास सहित दुई पालिकाबीच भगिनी सम्बन्ध स्थापितको उद्धेश्यले आयोजित कार्यक्रममा सहमतिपत्रमा हस्ताक्षर गरिएको हो ।

हेटौंडा उपमहानगरपालिकाले सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाबाट आफ्नो पहिलो भगिनी सम्बन्ध सुरुवात गरेको हो । आगामी दिनमा अन्य जिल्लाका पालिकासँग पनि भगिनी सम्बन्ध कायम गरी अघि बढ्ने योजनामा पालिका रहेको बताइएको छ । नेपालको सबैभन्दा पुरानो र जनसंख्या धेरै भएको महानगर काठमाडौंले महानगरपालिकाले अहिलेसम्म विभिन्न देशका डेढ दर्जन सहरसँग भगिनी सम्बन्ध स्थापना गरि सकेको छ । काठमाडौं उपत्यकाभित्रकै ललितपुर महानगरले ७ वटा र भक्तपुर नगरपालिकाले पनि केही सहरसँग भगिनी सम्झौता स्थापना गरि सकेको छ । काठमाडौं बाहिरका नगरपालिकाहरुले पनि विभिन्न देशका सहरमा भगिनी सम्बन्ध स्थापना गरेका छन् । पछिल्लो समय क्रमश: भगिनी सम्बन्ध स्थापनाको लहर चल्दैछ । जुम्लाको चन्दननाथ नगर पालिका र काठमाडौं महानगरपालिकाबीच भगिनी सम्बन्ध स्थापना भएपछि जुम्लाका अर्गानिक उत्पादनले काठमाडौंमा बजार पाएको थियो । मुस्ताङको स्याउ फल्ने गाउँ लेतेले जापानको कोबे सहरसँग दुईदसक अघि नै भगिनी सम्बन्ध कायम गरेको थियो । तर, यसबाट मुस्ताङले खासै उपलब्धी लिन सकेको थिएन । कसरी उपलब्धी लिन सकिन्छ भन्ने बिषय पनि महत्वपूर्ण हुन्छ ।

दुई देशबीचका सहरहरुबीच भएको भगिनी सम्बन्ध स्थापनाले बास्तवमा नगरहरुलाई फाइदा चाहिँ के हुन्छ त ? भन्ने प्रश्न पनि बेलाबेलामा उठ्ने गरेको छ । परराष्ट्र मामिलाका जानकारहरु भगिनी सम्बन्धको नेपालमा कुनै सदुपयोग नगरिएको बताउँछन् । भगिनीसहरमा घुमघामको चाँजो मिलाउनमै यस्तो सम्वन्ध सीमित रहेको उनीहरुको टिप्पणी छ । मुख्य कुरा त अनुभव नै हो, हामीसँग भगिनी सम्बन्ध भएका सहरहरुमा हामी अवलोकन गर्छौं । त्यहाँका प्रतिनिधिलाई पनि हामी हाम्रो सहर देखाउँछौं र सिकाइका एजेण्डा आदानप्रदान गर्छौं भने त्यसबाट केही उपलब्धी होला । एक-अर्काको सहर घुमिसकेपछि त्यहाँबाट केही नयाँ कुरा सिकिन्छ र त्यसको उपयोग गर्न सकिन्छ । हेटौंडा उपमहानगरले पनि यसप्रकारको उपयोग गर्नु जरुरी छ । पाँचपोखरी आफैंमा पर्यटकीय क्षेत्र हो । दुई पालिकाबीच पर्यटनको अनुभव आदानप्रदान गर्न सकेको खण्डमा पनि फाइदा पुग्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर ११ गते सोमबार, २७ नोभेम्बर २०२३ ।पूर्णिमा, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:३५, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : धर्मकर्ममा मन जानेछ | तुला | : कामको उचित प्रतिफल पाइनेछ |
| वृष | : नयाँ मित्रसँग भेटघाट हुनेछ | वृश्चिक | : धन आर्जन हुनेछ |
| मिथुन | : अधुरो काम बन्ने सम्भावना छ | धनु | : काम बन्नाले उत्साह जाग्नेछ |
| कर्कट | : मित्रहरुबाट सहयोग हुनेछ | मकर | : दोहोरो लाभ मिल्नेछ |
| सिंह | : आफन्तबाट विरोध हुनेछ | कुम्भ | : श्रमबाट प्रशस्त लाभ हुनेछ |
| कन्या | : पेसाबाट घाटा देखिन्छ | मीन | : पारिवारिक समस्या आउनसक्छ |

# डिजिटल समाजमा प्रियतावाद र अराजक राजनीति



✍ वाईपी आचार्य

पछिल्ला तमाम घटनाक्रमलाई हेर्दा नेपाली समाज अराजकताको भड्खालोमा भासिँदै गएको प्रतीत हुन्छ । अहिले नागरिकमा बेचैन छ । कन्फ्युजन छ । मानसिक अस्थिरता छ । निराशा छ । घृणा छ । उनीहरूको व्यवहारमा तरलता छ । समाजको नेतृत्व गर्छौं भन्नेहरूमा सद्भाव भन्दा घृणा छ । सृजना भन्दा प्रतिक्रिया छ । निर्माण भन्दा विध्वंश छ । छटपटी छ । भाइरल हुने भूतले सताएको छ ।

राजनीतिक बहसमा विचार भन्दा व्यक्तिका बोली हाबी छन् । दीर्घकालीन विकास र समृद्धिका मुद्दा भन्दा सस्ता तर तुरून्तै भाइरल हुने विषयमा छलफल छ । पार्टी र संस्थाभन्दा व्यक्तिमा भर परेका छन् । यसो हुनुमा कुनै नेता विशेष वा पार्टी तथा व्यक्ति मात्रै दोषी छैन । कुनै एक पक्षलाई वा नेतालाई मात्रै दुत्कारेर वास्तविकताको नजिक पुग्न सकिँदैन । यसलाई अलि गहिरिएर हेर्नुपर्ने हुन्छ ।

यस लेखमा सूचनाप्रविधि र यसको जगमा निर्माण हुने समाज, त्यहाँ विकास हुने मनोविज्ञान र त्यसमा खेल्ने पात्र तथा 'एजेन्सी' को चरित्र उधिन्ने प्रयास गरिएको छ ।

### डिजिटल समाज

सूचनाप्रविधिको विकास एक सामान्य परिवर्तन मात्रै होइन, एक क्रान्ति पनि हो । यसले समग्र समाज र सभ्यतामा नै उथलपुथल ल्याएको छ, ल्याउँदै छ । जब समाज र व्यक्तिको हरेक पक्षमा यसले प्रभाव पार्छ, स्वभावैले मानिसको मनोविज्ञान वा व्यवहारमा गहिरो प्रभाव पार्छ नै ।

प्रविधिको प्रयोग मोबाइल चलाउने वा टिकटक तथा फेसबुक चलाउनेमा मात्रै सीमित नभएर यसले मानिसको चेतना र उसको जीवनमा गहिरो छाप पारेको हुन्छ जुन सामान्य रूपमा सामान्य मानिसले हेक्का पाउँदैन । नेपालमा पनि प्रविधिको प्रयोगसँगै डिजिटल समाजको विस्तार भएको छ । बढिरहेको छ ।

भौतिक रूपमा अलग्गिएका तर नेटवर्कबाट विशाल क्षेत्रमा जोडिएको समाज निर्माण भएको छ । यो भर्चुअल संसार पनि हो । तर, नेपालमा यो समाजको विकास विश्वस्तरको परिवर्तनको बाढीमा परेर भएको हुँदा नेपाली समाजले आफूलाई यो परिवर्तनका लागि तयार नै गर्न सकेको थिएन ।

परिणामस्वरूप प्रविधिको प्रयोग त गरियो तर प्रयोग गर्ने संस्कारको विकास भएन । हरेक विकास वा अन्वेषणको उपयोग गर्ने आफ्नै संस्कार वा नियम हुन्छन् । हामीले संस्कार र नियम विना नै यसको विस्तार हुन दियौं । मूलत: यस समाजका निम्न विशेषता हुन्छन् ।

### सूचनाको बाढी

यो समाजको मूल चूनौती सूचनाको कमी नभएर सूचनाको समुद्रबाट सही सूचना छनोट गर्नु हो । यहाँ सही, गलत र हानिकारक गरी तीन प्रकारका सूचना हुन्छन् । सेन्टर फर ह्युमन टेक्नोलोजी २०२२ को रिपोर्ट अनुसार सही सूचना भन्दा गलत र हानिकारक सूचना ६ गुणा छिटो फैलन्छन् । सामाजिक सञ्जालमा छिटो फैलने खालका सूचना बढी हुन्छन् । साथै सतही सूचनाको बाढी हुने हुँदा ज्ञान निर्माण प्रक्रियामा विसडमसम्म पुग्नै पाउँदैन ।

यहाँ मानिस कन्फ्युजनमा पर्छ । अनि सतही सूचनाको आधारमा आफ्नो मत निर्माण गर्ने गर्छन् । पटक-पटक आइरहने सूचनालाई विश्वास गर्ने मानिसको मेन्टल फ्याकल्टीको प्याट्रन हुन्छ । अनि गलत सूचना र अति सतही सूचनालाई आधार बनाएर आफ्नो चेतनाको निर्माण गर्ने हुन्छन् । त्यसैले जस्तो सूचना त्यस्तै मनोविज्ञानको निर्माण हुन्छ ।

### बेकामे वर्ग र आक्रोशित समाजको निर्माण

रोबर्ट हसान आफ्नो प्रसिद्ध पुस्तक 'डिजिटल सोसाइटी एण्ड मार्क्सिसजम' मा लेख्छन्, 'अब श्रमिकहरू मुनाफाको हिस्साबाट मात्र अलग नभएर उसको कामबाट नै अलग हुन सक्छ ।' वर्ल्ड इकोनोमिक फोरम २०१९ को रिपोर्ट अनुसार सन् २०३० सम्ममा करिब ५० प्रतिशत रोजगारीहरू रोबर्ट, अटोमेशन, कृत्रिम बौद्धिकता आदिले खोस्नेछ ।

इतिहासकार युवल नोवा हरारेको भनाइमा डिजिटल समाजको मूल चुनौती जागिरबाट विस्थापित भएको र आर्थिक रूपमा बेकामे वर्गको जन्म हुनु हुनेछ । यो वर्ग राज्यबाट आफू अलग्गिएको महसुस गर्छ । साथै यो वर्ग मानसिक रूपमा बेचैन, संवेगात्मक रूपमा आक्रोशित, सामाजिक रूपमा अराजक, राजनीतिक रूपमा अस्थिर प्रकृतिको हुन्छ ।

जागिर गुम्ने, छिटो परिवर्तित हुने दुनियाँमा आफूलाई पनि छिटो बदल्नुपर्ने, अरूको आक्रोशको साझेदारी समेत हुनुपर्ने, छिटो नतिजा चाहने, अरूसँग तुरुन्तै तुलना हुने, प्रविधिको लत बस्ने आदि कारण यो समाजमा आक्रोश बढ्दै जान्छ । आफूले थाहा पाएको सूचना नै सत्य हो भन्ने मानिसको स्वभाव हुन्छ जहाँ फरक विचारलाई अस्वीकार गर्छन् ।

यहाँ बुझाइको जगमा विचारको लडाइँ हुन्छ जसले आक्रोश बढाइरहेको हुन्छ । मानिसमा डिप्रेसिप सिन्ड्रम पनि देखिन थाल्छन् । हरारेका अनुसार विश्वमा युद्धले भन्दा आत्महत्याको कारण मर्नेहरूको संख्या बढी छ । नेपालमा पनि मानसिक स्वास्थ्य सर्वेक्षण २०२० का अनुसार १० प्रतिशत वयस्कमा मानसिक असन्तुलन देखिएको छ । यही आक्रोशित समाजले समग्र मानिसको चेतनामा समेत प्रभाव पार्छ ।

### रिमोट गतिविधि

मानिस विश्वको जुनसुकै कुनामा बसेर सबैसँग जोडिने भयो । अहिले नेपालका उत्पादक उमेरका युवा विश्वका विभिन्न ठाउँमा पुगेका छन् । उनीहरू पढे-लेखेका वा देश-विदेश देखेका छन् । उनीहरूले नेपाललाई अन्य विकसित मुलुकसँग तुलना गर्छन् । अरू देशमा विकास, स्थिरता र प्रणाली बसेको देख्छन् । नेपालमा कमजोर देख्छन् । अनि तत्कालीन राजनीतिक नेतृत्वलाई सराप्छन् ।

विदेशमा पढ्ने र काम गर्नेहरू मध्ये ५०० जनामा गरेको मेरो सर्वे अनुसार ८६ प्रतिशत युवाहरू पुराना राजनीतिक नेतृत्वप्रति असन्तुष्ट थिए । साथै उनीहरूको फेसबुक स्टाटसमा निरन्तर उतारचढाव देखिन्थ्यो । उनीहरूको व्यवहार र प्रतिक्रियामा तरलता थियो । यिनीहरू डिजिटल समाजमा टाढैबाट पनि सक्रिय हुने, आर्थिक उपार्जन गरेको तथा पढेलेखेको पनि हुने हुँदा उनीहरूले आफ्नो परिवारलाई समेत तुरुन्तै प्रभावित गर्न सक्छन् ।

### व्यक्तिकेन्द्रित मुद्दा हाबी

यो समाजमा सामाजिक भन्दा व्यक्तिगत मुद्दा बढी बिक्छन् । छुवाछूत, भाषा, जाति, जनजाति, वर्गका मुद्दा भन्दा व्यक्तिगत लाभ हेर्ने जमातको निर्माण हुन्छ । गणतन्त्र आयो मैले के पाएँ, स्कुल बन्यो मैले के पाएँ भन्ने मनोविज्ञान हाबी हुन्छ । यसो हुँदा समाज बदल्ने भन्दा पनि ऋण नतिर्ने मुद्दाले तान्छ । यहाँ विचार कमजोर र व्यक्ति हाबी हुन्छ । त्यसैले यहाँ प्रियतावादीहरूको जन्म हुन्छ ।

### भाइरल समाज

यो समाजमा कामले भन्दा बढी प्रचारले प्रभाव पार्छ । जनताको सेवामा लागेका व्यक्ति यदि ऊ सञ्जालमा जोडिँदैन र प्रचारमुखी छैन भने गुमनाम हुन्छ तर आकर्षक तरिकाले बोल्छ, मिडिया म्यानेजमेन्ट गर्छ भने ऊ भाइरल हुन्छ ।

भाइरल एक्कासी आउँछ, व्यापक फैलिन्छ अनि तुरून्तै हराउँछ । कुनै एउटा मुद्दामा समुद्रको छाल जस्तै सरर्र जान्छ अनि फेरि अर्को छालसँगै बग्छ । यसले मानिसमा अस्थिर मनोविज्ञानको निर्माण गर्छ ।

### प्रियतावादको जन्म

माथि उल्लिखित चरित्रका कारण यो समाजमा प्रियतावादको उदयका लागि अनुकूल परिस्थिति बन्छ । प्रियतावाद संस्थारहित व्यक्तिगत नेतृत्व हो । कुनै एक क्षेत्रमा चर्चामा आएका तथा आफूलाई बौद्धिक ठान्ने वा चामत्कारिक ठान्ने व्यक्तिहरू राजनीतिक मूल नेतृत्वमा आउने चेष्टा हो । म एक्लैले जनताको खास प्रत्यक्ष प्रतिनिधित्व गर्छु भन्ने प्रवृत्ति हो । मैले मात्रै जनताका चाहना बुझ्छु । समस्या गहिरिएर बुझ्न सक्छु । जनताको आकांक्षाको जानकार छु । म एक्लैले ती सबै समस्या समाधान गर्न सक्छु भन्ने प्रवृत्ति हो ।

प्रियतावादीहरू बाहिरबाट हेर्दा प्रतिभाशाली देखिन्छन् । यिनीहरू मुख्यत: चार प्रकारका हुन्छन् । पहिलो, डोनाल्ड ट्रम्प, भ्लादिमिर पुटिन जस्ता अतिराष्ट्रवादी प्रियतावादी । दोस्रो, नरेन्द्र मोदी र नेपालमा धर्म सापेक्षताको नारा लगाउनेहरू जस्तै धार्मिक प्रियतावादी । तेस्रो, कोशी प्रदेशमा जातीय आधारमा प्रदेशको नामकरण गर्नुपर्छ भन्नेहरू जस्तै पहिचानवादी प्रियतावादी र चौथो, स्टन्टका आधारमा राजनीति गर्नेहरू स्टाइलिस्ट प्रियतावादी ।

प्रियतावादीसँग चार वटा चिज हुँदैन । पहिलो, खास राजनीतिक दल हुँदैन, भए पनि कमजोर हुन्छ र उनीहरू संस्था भन्दा व्यक्ति प्रधान ठान्छन् । जनतासँग सीधै जोडिन खोज्छन् । दोस्रो, स्पष्ट विचारधारा हुँदैन । उदारवाद, समाजवाद जस्ता राजनीतिक कथा हुँदैन । तेस्रो, उत्तराधिकारी योजना हुँदैन । नेताले गलत गरेमा जनताले दण्ड दिने वा त्यसको जवाफ दिने अर्को कोही हुँदैन । चौथो, यिनीहरूको ऐतिहासिक राजनीतिक विरासत हुँदैन जसको कारण राजनीतिक संस्कार सिक्न पाएका हुँदैनन् ।

यिनीहरूसँग चार वटा विशेषता हुन्छन् । पहिलो, समस्यालाई नाटकीय रूपमा प्रस्तुत गर्ने कला, दोस्रो, सामाजिक सञ्जाल तथा आफ्नै मिडियाबाट जनतासँग प्रत्यक्ष जोडिन सक्ने तागत, तेस्रो, चामत्कारिक नेतृत्व भएको स्वाङ पार्न सक्ने खुबी र चौथो, सूचनामा पहुँच भएको ।

त्यस्तै यिनीहरूले मुख्यतया चार वटा काम गर्छन्- समस्याको ढ्वाङ् पिट्छन्, जुनसुकै विचारको विरोध गर्छन्, संस्थाको विरोध गर्छन् र स्थापित पार्टीको विरोध गर्छन् ।

यिनीहरूले जहिले पनि बहुमतको सेन्टिमेन्ट मात्रै बोक्न खोज्छन् जसको कारण अल्पमत प्रति अनुदार हुन्छन् । आफूलाई जान्ने र सभ्य ठान्छन् जसको कारण उनीहरूले पिछडा वर्गको प्रतिनिधित्व गर्न सक्दैनन् ।

### नकारात्मक नागरिक समाज

यहाँ नागरिक समाज भन्नाले नेपालमा बुझिने केही सीमित व्यक्तिहरूको झुण्ड नभएर दार्शनिक एन्तोनियो ग्राम्सीले भने जस्तो बृहत् पक्षलाई भन्न खोजिएको हो । परिवार, स्कुल, मिडिया, धार्मिक संस्था, बुद्धिजीवी र अहिले आएर सामाजिक सञ्जाल आदि नागरिक समाज हुन् जुन सत्ताको शक्तिमा हुँदैनन् । तर, समाजको चेतना निर्माणमा ठूलो भूमिका खेल्छन् ।

ग्राम्सीले भने जस्तो उनीहरूले राज्यसत्तामा रहेको वर्गको सांस्कृतिक आधिपत्य कायम गर्न सूक्ष्म रूपमा काम गर्छन् । तर, नेपालमा उनले भने जस्तो नभएर राज्य सत्ता र जनतालाई अलग्याउने र समाजमा घृणालाई प्रोत्साहन गरेको देखिन्छ । सामाजिक सञ्जाल, मिडिया, विद्वानका भनाइ आदिमा समालोचना भन्दा आरोप र घृणा बढी भेटिन्छ ।

समाजका अन्य मानिसहरूलाई उनीहरूका विचार, सूचना र व्यवहारले प्रभाव पार्दछ जसका आधारमा उनीहरू आफ्नो चेतनाको निर्माण गरिरहेका हुन्छन् । जस्तै आम व्यक्तिले त्यही कुरा बोलिरहेको हुन्छ जुन कुरा मिडिया, सामाजिक सञ्जाल वा सामाजिक अगुवाले बोलेको हुन्छ । समाजमा यस्तो घृणा र आक्रामकता मौलाउनुमा नागरिक समाज पनि दोषी छ । यस्तो अवस्थामा हुर्कंदै गरेको समाजका मानिसलाई मेनुपुलेट गर्न निकै सहज हुन्छ । जसले पनि प्रयोग गर्न सक्छ । घृणा र अराजकताको सहारा लिनेहरूले छिटो दुरुपयोग गर्न सक्छन् । आज एउटाले प्रयोग गरेको भए भोलि अर्कोले प्रयोग गर्न सक्छ ।

यस्तो समाजमा फ्रान्सिस फुकुयामाले भने जस्तो मेगालोथाइमिया (अरूभन्दा सुपेरियर भएर बाँच्न चाहने मनोविज्ञान) भएका व्यक्तिले आम मानिसलाई प्रभावित गर्न खोज्छन् । यस्ता मानिसहरू अरूको अस्तित्व स्वीकार गर्दैनन् । आफैंलाई सर्वेसर्वा ठान्छन् ।

जब अशिक्षा, राजनीतिक अस्थिरता र बेरोजगारी सतही र 'मालिअबेल' चेतनासँग मिलन हुन्छ त्यहाँ अराजकता र असामञ्जस्यको सृजना हुन्छ । त्यसैले देशलाई बचाउने हो भने यसरी प्रभावित भएको समाजलाई बचाउनुपर्छ । यो बचाउने जिम्मा हामी सबैको हो । बचाउन लाग्ने कि प्रयोग मात्रै हुने, रोज्ने बेला आएको छ । त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक रहेका लेखक हाल विद्यावारिधिको सिलसिलामा नर्वेको ओस्लोमेट विश्वविद्यालयमा अध्ययनरत् छन् । *(स्रोत: अनलाइनखबर)*

# रैती चेतना र नायकको खोजी

✍ सञ्जीव कार्की

रैती नियत र नियतिको मनोविज्ञान र रैती चेतनाबाट हामी ग्रस्त छौं । रैती भनेको अरू कसैको अरनखटनमा बस्ने व्यक्ति, अर्काको जग्गा कमाएर बस्ने, मोही आदिका रूपमा रैती हुनुमा गर्व गर्छौं । हामीलाई दासत्व र अधीनस्थता स्वीकार्य छ । स्वतन्त्रता, समता र मर्यादाभन्दा अर्केको वर्चस्वमा छत्रछायामा आफूलाई सुरक्षित ठान्छौं । राजाका रैती, काजीको कज्याइँमा र हनुमा मजा मान्छौं । नेपालको राजनीतिक परिदृश्यमा त्यस्तै चित्र र चरित्रको आज चर्चा छ ।

एउटा अमुक व्यक्तिको सम्पत्तिको धाक, पारिवारिक खान्दानको धाक कुनै जाति विशेष हुनुको गर्वोक्ति हामीलाई प्रिय र आकर्षक लाग्छ । हामी राजमहाराजाहरूलाई ऋण दिएर खाने सन्तानका मान्छे हौं भन्दा पनि हात दुख्ने गरी ताली ठोक्छौं । त्यसैले कुनै अमुक जस्ता व्यक्तिले म कुमाइको छोरो, बाउनको छोरो, म क्षेत्रीको छोरो, म यस्तो उस्तो भनेर जातीय उच्चताको धाक लाएर मेरा बाउका समेत सात वटी श्रीमती । मैले पनि जति आए पनि ल्याउन सक्छु र आए जति सबैलाई घर किनेर राखिदिन्छु भन्ने बोलीलाई मर्दकी दस जोईको अवधारणा र हामीले सुन्दै आएका पुरुषार्थ सम्झेर सामान्यीकरण गर्छौं । महिला ननुहाई आन्दोलन जाने रे जस्ता घृणित र नीच अभिव्यक्ति पचाउने हाम्रो पाचन क्षमतामा किन प्रश्न उठ्दैन ?

के एउटा सार्वजनिक व्यक्तिलाई सार्वजनिक रूपमा त्यस्तो बोल्ने छुट छ ? आफ्नो अस्तित्व र अहम्मा लागेको ठेस सम्झँदैनौं किन ? जहाँ कुनै नारीवादीको चित्त दुख्दैन । नारी अस्मितालाई वस्तुकरण गर्दा उनका समर्थक मात्र होइन अरू कोही बोल्न सक्दैन किन ? किन निरिह र दयनीय छ नेपालको नारीवादी आन्दोलन ? विषय गम्भीर छ ।

सम्पत्तिको धाक र रवाफलाई वा ! भनेर ताली पिट्छौं । विश्वका नामुद धनीहरूले कहिल्यै आफ्नो सम्पत्तिको धाक लाएको र सम्पत्तिको आडमा राजनीतिमा छु भनेको सुनिन्न । तर हाम्रा अमुक व्यक्तिले केही अरबको ऋणधनसहितको सम्पत्तिको धाक र घमण्ड यति छ कि उनी एलन मस्क, बिल गेट्स, बर्नाड अर्नोल्ड, मुकेश अम्बानी र नेपालमै पनि विनोद चौधरीकै हाराहारीका धनाढ्य झैँ आफूलाई प्रस्तुत गर्छन् र सबै दु:ख, पीडा, रोग, भोक र शोकको हरणकर्ता म हुँ भन्छन् ।

सार्वजनिक मञ्चबाट बोल्न हुने नहुने सबै कुरा बोल्छन् । तथापि हामी उनकै पछि लाग्छौं । मुक्तिदाता र नयाँ नायकको अवतारका रूपमा उनको गुणगान गाउँछौं । उनको उर्दीलाई शिरोपर गरेर भेला हुन्छौं । वाक् स्वतन्त्रता मात्र बुझेका वाक् मर्यादा र शिष्टता नभएका मान्छे किन प्रिय छन् हाम्रा लागि ? के हाम्रो लागि सुसंस्कृत, सभ्य र शिष्ट युग सकिएकै हो ? एउटा खराबको विरुद्ध अर्को झन् खराब र घातक प्रवृत्ति हामीलाई मनपर्नुको कारण के हो ?

हाम्रो चेतनाले धोका दिएकै हो ? जहाँ बस्यो त्यहीं दिसापिसाब गर्नु सडकलाई नै चर्पी बनाएर फोहोर गर्नु भन्ने भाष्य एउटा नेता हुन् । तम्सिएको देश परिवर्तन गर्ने व्यवस्था बदल्ने अमुकतन्त्र ल्याउने नेताको हैसियतका लागि कति सान्दर्भिक छ ? के हामी गणेशमान सिंहले भने झैं भेडा मात्र हौ । बुद्धु मात्र हौं । हाम्रो ठीक र बेठीक छुट्याउने विवेकको भाँडोमा बिर्को लागेकै हो ? भिड ठूलो कि विवेक ? भिडले डोऱ्याउने कि विवेक र बुद्धिमताले भिडलाई ? समय अन्योलग्रस्त छ ।

### नेपाली मनोविज्ञान

हामी नेपालीमा एउटा मनोविज्ञान छ । हामी छु मन्तर गर्ने नायक, जादुयी चरित्र, काल्पनिक चित्रको सम्मोहनबाट मुक्त छैनौं । सिनेमा झैं देखिने नायक, धार्मिक कथामा झैं देखिने पात्र र मिथकीय विम्बको रूपमा प्रकट हुने पौराणिक ऐतिहासिक पात्रहरू तिलस्मी जादुको अपेक्षा गर्छौं र सो अपेक्षा पूरा हुन नसक्दा छिटो निराश हुन्छौं । अन्धविश्वास र अति विश्वासले गाँजेको मनोविज्ञान छ हामीसँग । पर क्षितिज र बादलपरिबाट उड्दै आउने र समस्या फुमन्तर गरेर पन्छाइदिने राजकुमार, राजकुमारी, राजारानी, देवीदेवताको अवतार चाहिएको छ हामीलाई ।

हामी कसैको पनि विगत आगत र सैद्धान्तिक धरातलको लेखा जोखा गर्दैनौं । बहकाउमा लाग्छौ । इतिहासको विवेचना गर्दैनौं । राजनीतिक घटनाक्रम र विश्व परिस्थितिको विवेचना गर्दैनौं । राजनीतिको नियम र समाज विज्ञानको गतिलाई बुझ्ने प्रयास गर्दैनौं । आजको नागरिक चेतना र विगतको नागरिक चेतनाको विश्लेषण गर्दैनौं । हा हा र हो हो मा कुद्छौं । त्यसैले कुनै अमुक नेताको पछि लागेर दौडनु हाम्रो परिवर्तित आचरण भएको छ । अझै पनि कसैलाई अलौकिक शक्तिको प्रतिमूर्ति मान्ने र अतिशय कल्पनाको पात्र ठान्ने समाजको निराश हतास र असन्तुष्ट मनोवैज्ञानिक स्थिति रहिर ह्यो भने समाजको स्वाभाविक लय भन्जन नहोला भन्न सकिन्न ?

### नयाँ नायकको खोजी

नयाँ नायकको खोजी सामान्य प्रवृत्ति हो । आम प्रवृत्ति हो । मान्छे परिवर्तन र नयाँ स्वाद चाहन्छ । तर आजको मान्छेले चाहने नयाँ स्वाद जहर घोलिएको पक्कै होइन । प्रगतिशील चरित्र र आचरण भएको खोजिएको हो । विकल्पहरूमध्ये पत्रु विकल्प होइन सर्वोत्कृष्ट विकल्प हो ।

सुसंस्कृत र दूरदर्शी नेता र राज नेताको खोजी हो । २००७ सालको पेरिफेरीमा बीपी भनेजस्तो नेता र पढैया नेता थिए । तथापि बीपी माथि पनि २०१७ मा आपत् आइलाग्यो १८ महिनाभन्दा बढी दुई तिहाइको सरकारले काम गर्न सकेन । अत: सामान्य राजनीतिक अर्थ र सिद्धान्तको ज्ञान नराख्ने नेताले दिने मुक्ति के हो ? आज पनि गौतम बुद्धले कति पढेका थिए, पृथ्वीनारायण शाहको औपचारिक शिक्षा कति थियो आदिको उदाहरण दिएर शिक्षालाई अन्डर स्टिमेट गर्न पाइन्छ र नपढेको नेता भए नि हुन्छ भन्ने भाष्यमा तर्क गर्न मिल्छ ?

देश एउटा व्यक्तिले हाँक्ने होइन, विज्ञ टिम र सल्लाहाकारले हाँक्ने भनेर जस्तो मूर्ति पनि पदस्थापना गर्न सकिन्छ ? भरतले रामको खराउ पुजे झैं मात्रै हो अबको राजनीति ? नेतृत्व गर्ने नेतामा कुनै क्षमता हुनु पर्दैन ? विशेष योग्यता नभए पनि हुन्छ ? उडन्ते कुरा गरेर र गरिबको आँशु र दु:खको कुरा गरेर सहानुभूतिको राजनीतिमार्फत मात्रै कुनै कार्ययोजनाबिना सैद्धान्तिक माध्यम देश परिवर्तन गर्न सकिन्छ ? देश बदल्ने मेथोडोलोजी भनेको केही हुल मान्छे जम्मा गरेर जथाभावी चिच्याउनु मात्र हो ? लिएको ऋण, खाएको उधारो, मागेको सापटी तिर्दिन र तिराउँदिन भन्ने कुनै विशेष योजना हो ? धर्म, राजसंस्था र ऋणपीडितको आवरणमा आफ्नो अभिष्ट पूरा गर्ने राजनीतिले देशलाई कहाँ पुऱ्याउँछ कसैले सोचेको विचारेको देखिन्न । देश चलाउन सकिन्न भने इन्डियालाई चलाउन दिऊँ भन्ने अभिव्यक्तिले किन दुख्दैन देशभक्त नेपालीको मन ?

### ऋणको प्रसङ्ग

ऋण तिर्न थप म्याद माग्नु, केही सहुलियतको कुरा गर्नु, ब्याजमा परेको मर्का बारे रिथिङ्क गर्न र नयाँ पोलिसी बनाउन याचना गर्नु स्वाभाविक र मानव आदत मान्न सकिन्छ । अन्यायमा परेमा न्यायको लागि अपिल गर्नुलाई अन्यथा मानिन्न तर सोझा मान्छेको दु:ख र अप्ठ्यारोलाई साधन बनाएर आफ्नो स्वार्थको रोटी सेक्न प्रयोग गर्ने नियत चिन्न जरुरी हुन्छ । समाजको घाउमा मलम लगाइदिने र अप्ठ्यारालाई सपठ्यारोमा बदल्न आह्वान गर्नुलाई जायज मानिन्छ ।

*बाँकी पृष्ठ/३......*

# मधेशका ४३ प्रतिशत किसान परिवारलाई खाना अपुग



जनकपुरधाम/ अन्न भण्डारका रुपमा रहेको मधेश प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको छ । राष्ट्रिय कृषि गणना-२०७८ अनुसार मधेशमा सात लाख ३८ हजार तीन सय ४० कृषक परिवार मध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको हो ।

नेपालको कूल जनसंख्या मध्ये ६१ लख १४ हजार छ सय जनसंख्या अर्थात् ११ लाख ५६ हजार सात सय १५ परिवार बसोबास गर्ने यस प्रदेशमा सात लाख ३८ हजार तीन सय ४० अर्थात् ६३ दशमलव ८ प्रतिशत परिवार कृषक रहेका तथ्याङ्कमा उल्लेख गरिएको छ ।

प्रदेशका आठ जिल्लामा रहेका ती कृषक परिवारले चार लाख ९२ हजार चार सय ९७ हेक्टर मा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षैभरि खान पुग्ने गरेको कृषि गणना २०७८ मा उल्लेख गरिएको छ ।

तथ्याङ्कले अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागि मात्रै कृषि कर्म गर्ने गरेको देखाएको छ । जसअनुसार कृषि उत्पादनको हिस्सामध्ये १ दशमलव ८ प्रतिशत मात्रै बिक्री गर्ने गरि एको र त्यसबाहेक ६२ दशमलव २ प्रतिशत सबै घरायसी, ३० प्रतिशत मुख्य घरायसी र केही बिक्री तथा ५ दशमलव ६ प्रतिशत मुख्य बिक्री र केही घरायसी प्रयोग गर्ने गरिएको छ । मधेश प्रदेशमा अहिले पनि आम्दानीको मुख्यस्रोत कृषि कार्य हो भनी बताउने कृषकको प्रतिशत ६४ दशमलव ३ छ ।

कृषक परिवारअन्तर्गत मधेशमा जम्मा कित्ता संख्या २१ लाख ७४ हजार सात सय ९८ र प्रतिकृषक परिवार कित्ता संख्या २.९ देखाएको छ । यहाँ सबैभन्दा बढी तीन लाख ८४ हजार पाँच सय ५३ हेक्टरमा धानबाली र दुई लाख ४७ हजार छ सय नौ हेक्टरमा गहुँ र ३३ हजार सात सय १९ हेक्टरमा मकै रहेको छ । यहाँ एकबाली सकिनासाथ अर्को बाली लगाउने अर्थात् बाली सघनता १ दशमलव ८७, स्थायी बालीका रुपमा रहेका आँप, केरा र कागती क्रमश: १५ हजार चार सय ३३ हे, एक हजार एक सय ८३ र एक सय ३७ हेक्टर छ ।

कृषि गणनाको विवरण अनुसार कृषि कार्यका लागि उपकरण प्रयोग गर्ने किसानको संख्यामध्ये ट्र्याक्टर ६४ दशमलव सात, फलामे हलो २० दशमलव आठ र पावर ट्रिलर चार दशमलव सात प्रतिशत छ । त्यस्तै, प्रदेशमा १६ दशमलव दुई प्रतिशत कृषक परिवारले कृषि प्रयोजनका लागि ऋण लिएका, एक दशमलव दुई प्रतिशतले मात्रै कृषि बीमा गरेका र तीन दशमलव सात प्रतिशतले सरकारी अनुदान पाएका छन् ।

यहाँ मुख्य कृषकमा ८५ दशमलव आठ प्रतिशत पुरुष र १४ दशमलव दुई प्रतिशत महिला रहेको छन् भने कृषक परिवारमध्ये ३० दशमलव एक प्रतिशतले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन् ।

त्यस्तै, मधेशमा गाईगोरुको संख्या करिब तीन लाख ८० हजार, राँगाभैंसीको संख्या करिब पाँच लाख २९ हजार, बाख्रा, खसी, बोका, च्याङ्राको संख्या करिब १४ लाख ४८ हजार तथा कुखुराको संख्या करिब २४ लाख ६१ हजार रहेको पनि तथ्याङ्कले देखाएको छ ।

**के भन्छन् सरोकारवाला ?**

कृषि गणनाको सार, कृषि योजनाको पूर्वाधार भन्ने नारासहित गरिएको राष्ट्रिय कृषि गणना २०७८ को नतिजाले अन्नभण्डारका रुपमा रहेको मधेश प्रदेशकै अवस्था चिन्ताजनक देखाएको छ ।

प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले सिँचाइ पूर्वाधार, समयमा मल नपाइनु, अनुदानको न्यायोजित वितरण नहुनुलगायत कारणले वास्तविक कृषकलाई जीवननिर्वाह गर्नसमेत समस्या भइरहेको बताए ।

मन्त्री न्यौपानेले मधेशमा सिँचाइको पर्याप्त सम्भावना भए पनि कृषिक्षेत्र र मधेश सधैँ उपेक्षामा परेका कारण यहाँका कृषकले लाभ लिन नसकेको बताए । त्यसलाई मध्यनजर गरी प्रदेश सरकारले कृषिसम्बन्धी ऐन निर्माण गरी कृषि क्षेत्रको व्यवसायीकरण र नागरिकको आकर्षण बढाउने गरी काम गर्ने योजना बनाएको उनको भनाइ थियो ।

तथ्याङ्कमा मधेश प्रदेशमा कूल सिञ्चित क्षेत्र ७४ प्रतिशत र सिँचाइ सुविधा लिएका परिवारको संख्या ८३ प्रतिशत रहेको भनिए पनि अहिले आकाशेपानी र ट्युबवेल, पम्पसेटको सहारामा पर म्परागत शैलीको कृषिकर्म गर्नुपर्ने बाध्यता छ ।

प्रदेशसभा सदस्य रामअशिष यादवले समयमा र पर्याप्त पानी नपरेका कारण यही वर्ष मधेशका किसानले भोगेका समस्याबारे कोही अनभिज्ञ नरहेको भन्दै युगान्तकारी परिवर्तन गर्ने सिँचाइ पूर्वाधार नबनाए मधेश मरुभूमि बन्ने खतरा रहेको बताए ।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले कृषिप्रधान मुलुक भने पनि त्यसबाट लाभ लिने गरी नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था तथा रणनीतिक उपयोग गर्न नसक्दा समस्या भइरहेको बताए ।

मण्डलले कृषिबाट लाभ लिनका लागि अन्य देशले कृत्रिम नदी निर्माण गरिरहेका सन्दर्भ उल्लेख गर्दै नेपालले पनि अन्नभण्डारका रुपमा रहेको मधेश प्रदेशमा चुरेको फेदमा कोसीदेखि नारायणीसम्म कृत्रिम नदी निर्माण गर्न समयमै सोच्नुपर्ने सुझाव दिए ।

मधेश प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास (पहाडी) ले कृषिमा आधुनिकीकरण र व्यवसायीकरणका माध्यमबाट किसानलाई आकर्षण गर्नुपर्नेमा जोड दिए । 'कृषिमा आधारित उद्योगको प्रवर्द्धन, कृषकलाई प्रोत्साहन र सिँचाइलगायत पूर्वाधारको विकास गर्ने ठोस नीति नलिएमा आगामी केही वर्षमा अधिकांश जमिन बाँझो र खण्डहर हुने अवस्था आउन सक्छ । त्यसैले सबै तहका सरकार यसमा गम्भीर बन्न जरुरी छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाली फिल्मलाई फाप्यो दशैं र तिहार




काठमाडौं/नेपालीहरुका लागि दशैं र तिहार जति ठूलो चाड हो, त्योभन्दा कम मानिँदैन नेपाली फिल्मका लागि । लामो विदा र प्राय: मानिस 'फेस्टिभल मुड'मा हुने भएकाले यो समयमा फिल्म रिलिज सबैभन्दा उपयुक्त मानिन्छ । दशैं र तिहारमा रिलिज गर्दा फिल्म फ्लप हुने खतरा पनि कम हुन्छ । यसैले वर्षौंदेखि यी दुई ठूला पर्वमा फिल्म रिलिज गर्न निर्माताहरुबीच ठूलो रस्साकस्सी हुने गरेको छ ।

यसपालिको दशैं र तिहारमा पनि फिल्मको अभाव भएन । घटस्थापनाको दुई दिनअघि 'परदेशी २' रिलिज भयो भने फूलपातीबाट 'पशुपति प्रसाद २ : भष्मे डन'ले प्रदर्शन थालेको थियो । र, दुवै फिल्म सफल पनि भए । यी दुई फिल्मले व्यावसायिक सफलता हासिल गर्न सफल हुनुमा दशैं विदाको सबैभन्दा ठूलो योगदान र ह्यो । दशैं विदापछि भने दुवै फिल्मको व्यापार खस्किएको थियो ।

यसपालिको दशैं नेपाली फिल्मका लागि जति फलिफाप बन्यो, तिहार पनि त्यस्तै रह्यो । कात्तिक २४ गतेबाट प्रदर्शन भएको फिल्म 'दिमाग खराब'ले तिहार विदामै झण्डै ४ करोड अंक जोड्यो । तिहार विदाभन्दा अघिसम्म फिल्मको व्यापार खासै गतिलो थिएन । 'वर्ड अफ माउथ' अब्बल हुँदा तिहार विदामा फिल्मको व्यापार चम्किन पुगेको थियो । तिहारपछि पनि फिल्मको व्यापार राम्रो छ ।

दशैं र तिहारमा तीन नेपाली फिल्मले बलिउड र साउथका ठूला स्टारका फिल्मसँग भिडन्त गर्नुपरेको थियो । दशैंमा साउथ फिल्म 'लियो' र बलिउड फिल्म 'गणपत' प्रदर्शन भएका थिए भने तिहारमा बलिउड फिल्म 'टाइगर ३' आएको थियो । यसका बावजूद तीन नेपाली फिल्म घरेलू बक्स अफिसमा सशक्त देखिए । यी दुई पर्वमा मात्र नेपाली फिल्मले १८ करोड हाराहारी कमाएका छन् ।

यसपालिको दशैं र तिहारको नतिजाले अब नेपाली फिल्मका लागि विदेशी फिल्म ठूलो चुनौती होइन भन्ने देखाएको छ । यसपटक बलिउड सुपरस्टार सलमान खानको फिल्ममाथि समेत नेपाली फिल्म हाबी देखियो ।

यसले नेपाली फिल्मप्रति दर्शकहरुको बढ्दो विश्वास र आकर्षणलाई पुष्टि गर्छ । यो फिल्ममेकरका लागि अवसर र चुनौती दुवै हो । अब फिल्म मेकिङ शैली सुधार्न जरुरी छ ।

# सलमानलाई लिएर 'द बुल' बनाउँदै करण जोहर



एजेन्सी, मुम्बई/बलिउड सुपरस्टार सलमान खान र निर्देशक तथा निर्माता करण जोहरबीच २५ वर्ष अगाडि फिल्म 'कुछ कुछ होता हे'मा सहकार्य भएको थियो । यसपछि उनीहरुबीच सहकार्यको चर्चा चलेको भए पनि जुर्न सकेको थिएन । अब भने उनीहरुबीच एक फिल्ममा सहकार्य हुँदैछ । केही समयअघि सलमानले 'आपकी अदालत'मा आफूले करणको फिल्म गर्न लागेको जानकारी गराएका थिए ।

अब उनले फिल्मको नाम पनि घोषणा गरेका छन् । एक अन्तर्वार्तामा उनले भनेका छन्, 'म 'द बुल' शीर्षकको एक फिल्ममा काम गर्दैछु । यसपछि 'दबंग ४', 'किक २' र सूरज बडजात्याको फिल्म गर्नेछु ।' करणले यसअघि नै 'द बुल' शीर्षकमा फिल्म बनाउन लागेको जानकारी गराएका थिए । फिल्मलाई विष्णुवर्धनले निर्देशन गर्नेछन्, जसले यसअघि फिल्म 'शेरशाह' निर्देशन गरेका थिए ।

बलिउड हंगामाका अनुसार, 'द बुल' एक्सन प्रधान हुनेछ । र, सलमानले आर्मीको भूमिका निभाउनेछन् । यसका लागि उनले तौल कम गर्न सुरु गरिसकेको जनाइएको छ । फिल्मको छायांकन आगामी नोभेम्बरबाट थालिनेछ । सलमानको पाइपलाइनमा निर्देशक सिद्धार्थ आनन्दको फिल्म 'टाइगर भर्सेस पठान' पनि रहेको छ । यो फिल्ममा सलमान खान र शाहरुख खान एकसाथ देखिँदैछन् ।

# रैती चेतना र....

*कुनै व्यक्ति र समूहले चमत्कृत ढङ्गले दु:खबाट मुक्ति दिलाई दिने कसैलाई सिंहासनामा राखिदिने स्वैरकाल्पनिक कुरामा मोडिएको मान्छेको मन बदल्न नेपाली राजनीतिमा विमर्श चाहिएको कुरा नकार्न सकिन्न ।*

अन्यायविरुद्ध आवाज उठाउने, आगो ओकल्ने निसहायलाई निसाफ र न्याय दिने गुण्डागर्दीलाई काउन्टर दिने शोषक र भ्रष्टाचारीको सातो बोक्ने चलचित्रका नायक र चरित्र हुन् । आम मान्छे त्यस्तै चरित्रको नायक खोज्छ । बिग्रेको राजनीतिक सपार्ने नायकको अपेक्षा गर्छ । तर चरित्र र नायकमा भिन्नता छ । विभिन्न फिल्ममा विभिन्न चरित्र निर्वाह गर्नेहरू नायक होइनन् अभिनेता हुन् । उनीहरू फिल्मको चरित्र निर्वाह गर्छन् । चरित्रले समाजका पात्रहरूलाई आफूमा रूपान्तरण गर्छ ।

नायकले समाजलाई आफ्नो अनुकरण गर्न लगाउँछ । नायक आदर्श र रोल मोडेल हुन्छ । देशको दीर्घकालीन हित र समृद्धिको आधार दिने राजनीति, आर्थिक, शैक्षिक, सांस्कृतिक र सामाजिक कार्यक्रम बोकेको हुन्छ ।

नेपालको राजनीतिमा अभिनेता र खलपात्र थुप्रै छन् । केहीमा नायकीय गुण नभएको पनि होइन । तर पनि जनता नयाँ नायकको उपस्थिति खोज्दैछन् र नयाँ नयाँ पात्रमा परीक्षण गर्दैछन् । नेपाली समाज र राजनीतिको विचलन, विखण्डन, विरोधाभास, विभेद, वैराग्य र बदमासीबाट मुक्त हुन जनतालाई नयाँ नायकको खाँचो टड्कारो देखिएको पक्कै हो । यद्यपि विकल्प निम्जो र निर्धो होइन सबल सक्षम र आजको भन्दा बढी गतिशील र प्रगतिशील हो ।

हामीले अवलम्बन गरेको राजनीतिक प्रणालीबारे विहम समीक्षा गर्न कत्ति पनि विलम्ब गर्न हिचकिचाउनु हुन्न । निरन्तर प्रश्न, छलफल, बहससहित निष्कर्षमा जानु पर्छ । उठेका प्रश्नहरूको सामना गर्ने लोकतान्त्रिक विधि र पद्धतिहरू छन् । तिनलाई सक्रिय पार्नु पर्छ । प्राडा सञ्जीव उप्रेतीले भने झैँ 'आलोचनात्मक चेतरूपी क्यामेराको लेन्स नेताहरूले, सामाजिक अगुवाहरूले, लब्ध प्रतिष्ठित व्यक्तिहरूले, पत्रकारहरूले, विद्वान् र बुद्धिजीवीहरूले, समाजतिर मात्र फर्काएर पुग्दैन आफैँतिर पनि फर्काउने र आत्माआलोचनात्मक हुनु जरुरी छ । अरूलाई हेर्ने नजर आब आफैँलाई हेर्ने र आफ्नो सेल्फी पनि खिच्नु पर्छ । बाहिरी संसारको मात्र विश्लेषण गर्ने होइन आफूलाई पनि विश्लेषण गर्ने विवेचना गर्नेतर्फ ध्यान दिनु पर्छ ।

म जे पनि गर्छु भन्नु र गर्ने विधि र पद्धतिको बताउनु फरक कुरा हो । तथापि आज थुप्रै विसङ्गति र चुनौतीहरू छन् । भ्रष्टचार कुशासन आदिको व्यापक आरोप छ । देश सही दिशामा छैन । वैदेशिक ऋणको भार बढेको छ । परनिर्भर ता बढ्दो छ । आक्रोश, निराशा र असन्तोषको व्यवस्थापन त्यस्तै अर्को खराब प्रवृत्ति र पात्रले गर्न सक्छ ?

भावनाका अघि तर्क तथ्य र वास्तविकताहरू कमजोर बनेका हुन् ? विश्वसनीय आधार र व्यक्तिको निरन्तर निष्ठाबिना कुनै भावनात्मक धारणा सुनेर कसैलाई किन विश्वास गर्छ मान्छे ? आज जुन अमुक मान्छेको चर्चा छ उनलाई नजिकबाट चिन्नेले धेरै विश्वास गरेका छन् कि उनलाई टीभीमा हेरेर युट्युबमा सुनेर विश्वास गर्ने र पछि लाग्ने मान्छे बढेका हुन ? छलफल र बहसको विषय हो । वर्षौंदेखि चिनेको नेतामा अविश्वास र कहिल्यै नसुनेको नदेखेको पात्रमा सर्वसाधारणको यो क्रेजको अर्थ के ? नेता नेतृत्व र पार्टीहरूले समीक्षा गर्नु पर्दैन ?

कुनै व्यक्ति र समूहले चमत्कृत ढङ्गले दु:खबाट मुक्ति दिलाई दिने कसैलाई सिंहासनामा र ाखिदिने स्वैरकाल्पनिक कुरामा मोडिएको मान्छेको मन बदल्न नेपाली राजनीतिमा विमर्श चाहिएको कुरा नकार्न सकिन्न । असन्तोष, आक्रोश र विद्रोहले नेपाली समाजमा परिवर्तनको दुन्दुभी खोजेको सत्यमा भने आँखा चिम्लन मिल्दैन । परि वर्तन सकारात्मक परिवर्तन र उल्टोबाटोको परिवर्तन नभएर सुल्टो र युग जनीन परिवर्तन जनताको आकाक्षाषा हो । एउटा सत्य र निर्मम कुरा के हो भने आज जुन अराजकता र प्रतिगमनको बाटोमा जो हिँडिरहेको छ उसको महत्त्वाकांक्षा यो अराजकता र यो शक्तिको सोर्सको स्रोत केही नेताहरू नै हुन्, जसले उनलाई काँधमा बोकेर हिँडे । जथाभावी पुलपुल्याएर बोक्ने र धाप मार्ने काम गरे । अराजक व्यक्तिको अति आकांक्षाको बेलुनमा हावा भरिदिने काम गरे । यसर्थ आजको परिस्थितिको निमित्त कारक दुर्गा हुन् भने प्रमुख कारण तपाईंहरू हो । लामो समय सत्तामा बसेर देशलाई हाँक्न नसक्ने कांग्रेसको अक्षमता र तपाईं दुईको दुर्गालाई टाउकोमा चढाउने मतिको कारण आज दुर्गा उत्पत्तिको स्थिति बन्यो ।

हेर्नुस् आफ्नो अनुहार ऐनामा पटक पटक र चुम्नुस् यो उजयतय । सम्झनुस् यो उजयतय बाहिरिए पछिको दुर्गाको अरूप्रतिको दृष्टिकोण र अभिव्यक्ति । दुर्गालाई पार्टीमा राखेर छाडा साँढे तपाईंहरूले बनाउनुभएको थियो । ओलीले नेकपा एमालेको केन्द्रीय सदस्य नै बनाउनुभयो । रूपमा तपाईंहरूले मार्सी चामलको भात स्वादिलो मानेर निल्नु भएको थियो, सारमा त्यो मार्सी नभएर हँसिया थियो । बाङ्गे कचिया थियो । हँसिया निल्नु त भयो तर निष्कासन गर्न गाह्रो हुन्छ है भनेर हामीले पहिल्यै सतर्क गराएका थियौँ । त्यतिबेला तपाईंका अरिङ्गालहरू आइलागे । तथानाम भने । भौतिक आक्रमणको धम्की दिए । दुर्गाको पक्षमा नन्दी भृङ्गी, भूत, प्रेत, पिशाच, डाइनी, बोक्सी खटाउनु भयो । आज दुर्गा भारी भए ।

ज्ञानेन्द्र शाहले पनि दुर्गारूपी हँसिया निले भोलि उनलाई पनि पर्ने भारी यही हो । हँसिया (आँसी, कचिया) जसोतसो निले पनि विसर्जन गर्न कठिन हुन्छ महाराज !

*(साभार: रातोपाटी)*

# नेपालीले पाउँदैनन् भारतमा सिमकार्ड

नयाँ दिल्ली/संसारका जुनसुकै मुलुकमा जाँदा पनि विमानस्थलमा वा प्रवेश विन्दुसँगसँगै विदेशी नागरिकहरुले सम्बन्धित देशका टेलिकम कम्पनीको सिमकार्ड किन्न पाउने व्यवस्था गरिएको हुन्छ । किनभने त्यो देशमा रहँदा सम्पर्कका लागि सिमकार्ड अति नै महत्वपूर्ण हुन्छ ।

तर नेपाल र भारतले एकअर्का देशका नागरिकलाई भोटिङको अधिकारबाहेक समान व्यवहार गर्ने गरे पनि नेपालीले भार तमा सिमकार्ड भने लिन पाउँदैनन् ।

हालै भारतको दिल्ली भ्रमणमा रहेका काठमाडौंका विपिन तिवारीले पनि त्यस्तै समस्या भोगे । भारतमा सिमकार्ड पाइहालिन्छ भनेर नेपालको नम्बरमा रोमिङ पनि एक्टिभ नगराई गएका उनले एअर पोर्टमा रहेको एअरटेलको बुथमा सिमकार्ड किन्न खोजे । त्यहींबाट अन्य देशका नागरिकहरुले पासपोर्ट र अन्य कागह्जह्यात बुझाएर सिमकार्ड लिइरहेका थिए । उनले पनि पासपोर्ट दिएर सिमकार्ड दिन अनुरोध गरे । तर पासपोर्ट पाउनेबित्तिकै एअरटेलका कर्मचारीले भने, 'नेपाली पासपोर्टमा त सिमकार्ड दिन मिल्दैन ।'

नेपालीलाई चाहिँ सिमकार्ड दिन किन नमिल्ने ? भनेर तिवारीले प्रश्न गर्दा ती कर्मचारीले यसबारे विस्तृतमा आफूलाई थाहा नभएको तर सरकारले नै नदिनू भनेकाले कम्पनीले नदिने गरेको बताए । 'रोमिङ नलिएकाले न फोन गर्न पाइयो, न त होटेल पुग्ने लोकेसन नै हेर्न सकियो,' उनले भने, 'होटेल भएको ठाउँ थाहा भएकाले ट्याक्सी लिएर त्यो ठाउँमा पुगेर होटेल खोजेर पत्ता लगाएँ ।'

अहिले दिल्लीमा उनले भारतीय साथीको मद्दतमा उनैको नाममा सिमकार्ड लिएर चलाइरहेका छन् । तर, भारतमा चिनाजानी केही नहुने भ्रमणकर्ता वा काममा जाने लाखौं नेपालीहरुले भने त्यहाँ सिमकार्ड लिन नपाउँदा ठूलो सास्ती बेहोर्नुपरेको छ ।

औपचारिक भ्रमण वा बैठकमा भारत आउने सरकारी कर्मचारीहरुले समेत सिमकार्ड लिन नपाउने अवस्था रहेको नयाँ दिल्लीस्थित नेपाली दूतावासका एक अधिकारीले बताए । 'नेपालबाट नियमित रुपमा भारतको भ्रमणमा सरकारी अधिकारीहरु आइरहनुपर्छ । हामीले अत्यावश्यक पर्नेहरुलाई दूतावासमा कार्यरत भारतीय नागरिकहरुसँग मद्दत मागेर उनीहरुकै नाममा सिम निकालेर दिने गरेका छौँ । यसो गर्दा गर्दा एकै व्यक्तिको नाममा बीसौँ सीमकार्ड निस्किएका होलान्,' नाम उल्लेख नगर्ने शर्तमा उनले भने ।

यसरी एक व्यक्तिको नामको सिमकार्ड अन्य व्यक्तिले प्रयोग गर्नु जोखिमपूर्ण मानिन्छ । तर बाध्यताका कारण त्यसो गर्नु परेको उनले बताए । भारतका टेलिकम कम्पनीहरुको साइटमा पासपोर्ट तथा भिसाको कपी, एउटा फोटो तथा भारतमा आफ्नो साथी वा नातेदारको ठेगाना दिएपछि सिमकार्ड पाइने उल्लेख छ ।

कुराकानीमा भारतका अधिकारीहरुले नेपालीहरुलाई भार त प्रवेश गर्न भिसा आवश्यक नपर्ने तर भिसा नभइकन कम्पनीहरुले सिमकार्ड नदिने बताउने गरेको दूतावासका एक अधिकारी बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# सुत्केरीको मृत्यु भएपछि जनकपुर प्रादेशिक अस्पतालमा तनाव

काठमाडौं/प्रादेशिक अस्पताल जनकपुरमा एक प्रसूति महिलाको मृत्यु भएको छ । महोत्तरीको मठिहानी नगरपालिका-३ बर्दाहाकी २५ वर्षीया तजवुल खातुनको मृत्यु भएको हो ।

मृतकका भाइ पर्ने मोहम्मद सकिर राइनका अनुसार शुक्रबार दिउँसो सुत्केरी व्यथा लागेपछि खातुनलाई जनकपुरको वैदेही हस्पिटलमा लगिएको थियो । वैदेहीलगायत अन्य निजी हस्पिटलहरुले भर्ना नलिएपछि प्रादेशिक अस्पताल जनकपुरमा राति ८ बजे पुऱ्याएपछि चिकित्सकले शल्यक्रिया गरेको थियो । शल्यक्रियामार्फत छोरा जन्माएकी तजवुलको आज बिहान रक्तस्राव भएर मृत्यु भएको उनले बताए ।

उनले चिकित्सकले लापरबाही गर्दा मृत्यु भएको दाबी गर्दै चिकित्सक फरार भएको आरोप लगाए । घटनाले अहिले प्रादेशिक अस्पताल तनावग्रस्त बनेको छ । यता प्रादेशिक अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले तजवुलको उपचारमा कुनै प्रकारको लापरबाही नभएको दाबी गरे ।

'उनलाई कुनै पनि प्राइभेट हस्पिटलले भर्ना नलिएपछि अन्तिम सिकिस्त अवस्थामा प्रादेशिक अस्पतालमा ल्याइयो । हामी सरकारी हस्पिटल त्यस्तो अवस्थामा पन्छिन मिल्दैन । बाहिर रेफर गर्ने अवस्था थिएन ।

उनलाई हेल्थसिन्डोम (चम्की रोग) र जण्डिस रोग थियो', डा.पण्डितले भने 'अन्तिम अवस्था रहेको बिरामीलाई हामीले तुरन्तै शल्यक्रिया गरेर हरसम्भव बचाउने प्रयास गऱ्यौं । बच्चा समान्य छन् । तर आज बिहान आमाको मृत्यु भयो'

यस्तो रोग भएको प्रसूति महिलालाई शरीरको जुनसुकै भागबाट रक्तस्राव भई मृत्यु हुने सम्भावना प्रवल हुने उनको तर्क छ ।

वरिष्ठ प्रसूति रोग विशेषज्ञसमेत रहेका डा. पण्डिका अनुसार उनको शल्यक्रियामा अनुभवी प्रसूति रोग विशेषज्ञ डा. राजदेव महतोले गरेका थिए । अनुभवी एनेसथेसियालगायतको टीम सरिक थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडा उपमहानगरपालिका
१० नं वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
१० नं. वडा कार्यालय परिवार

# जनकल्याण माविमा जनप्रतिनिधिको अनुपस्थितिमै समिति चयन

साझाकुरा संवाददाता




हेटौंडा, ९ मंसिर/थाहा नगरपालिका-३ मा रहेको जनकल्याण माध्यमिक विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा पुन: राजीवकुमार स्याङ्तान चयन भएका छन् । २३ कात्तिकमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयनका लागि भएको बैठकले स्याङ्तानलाई पुन: तीन वर्षको लागि अध्यक्ष पदमा चयन गरेको हो । योसँगै स्याङ्तान लगातार चौंथो कार्यकाल विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भएका छन् ।

विद्यालय व्यवस्थापन समितिको अवधि सकिएपछि शिक्षा नियमावली अनुसार गत जेठ २६ गते आयोजना गरिएको अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिमा आवश्यक ४ जनाको लागि २ जना महिला र ४ जना पुरुष उम्मेद्वारी परेपछि सहमतिको लागि अभिभावक भेला स्थगित गरिएको थियो ।

जेठ २६ को अभिभावक भेला स्थगित गरी पुन: असोज २२ गते डाकिएको अभिभावक भेलामा जम्मा २३ जना मात्रै अभिभावकको उपस्थिति भएपछि कात्तिक १५ गते व्यवस्थापन समिति चयनको लागि अभिभावक भेला बोलाउने सहमति पश्चात कात्तिक १५ गते अभिभावक भेलाको आयोजना गरी नयाँ प्रक्रियामा विद्यालय व्यवस्थापन समितिको लागि २ जना महिला र २ जना पुरुष सदस्य छनोट गरेको थियो । जस अनुसार राजकुमार पन्त, मेनुका आचार्य, लक्ष्मी विश्वकर्मा, रवि विष्ट चयन भएका थिए ।

समितिको कात्तिक १७ गतेको बैठकले शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको सदस्यमा विद्यालयमा २०६९ सालदेखि अध्यक्ष रहेका हालका निवर्तमान अध्यक्ष स्याङ्तान र प्रमिला कार्कीलाई मनोनित गरेको थियो । शिक्षा नियमावली अनुसार विद्यालयका प्रधानाध्यापक पदेन सदस्यसचिव हुने र विद्यालयका शिक्षकमध्येबाट एकजना शिक्षक प्रतिनिधि रहने प्रावधान छ ।

प्राविधिक विषय अध्यापन हुने विद्यालय व्यवस्थापन समितिमा दुईजना मनोनित गर्न पाउने कानूनी प्रावधान अनुरुप बैठकले निरोज प्रधान र सुवासचन्द्र विष्टलाई मनोनित गरेको छ । प्राविधिकतर्फ कृषि बाली विज्ञान बिषय समेत अध्यापन हुने विद्यालयको व्यवस्थापन समितिमा उद्योग वाणिज्य संघको प्रतिनिधित्व हुनेगरी उद्योग वाणिज्य संघ बागमती प्रदेशका कृषि समिति सदस्य प्रधान र विद्यालयका विद्यार्थीको शैक्षिक क्षेत्रमा सहयोग पुऱ्याउँदै आएका सहयोगी शिक्षाप्रेमीका हैसियतले विष्टलाई मनोनित गरेको विद्यालयले जनाएको छ ।

शिक्षा नियमावलीमा अभिभावक मध्येबाट छानिएका दुई महिलासहित ४ जना, सम्वन्धित वडाको वडाअध्यक्ष वा वडासमितिले सिफारिस गरेको एकजना, शिक्षाप्रेमी, चन्दादाताहरु मध्येबाट एक महिलासहित दुईजना, शिक्षक प्रतिनिधि र प्रधानाध्यापक सहितको बैठकले अध्यक्ष चयन गर्ने प्रक्रिया हुनेमा वडाअध्यक्षको उपस्थिति बिनै व्यवस्थपन समिति गठन गरिएको छ ।

यी सबै प्रक्रियामा सम्वन्धित वडाको वडाअध्यक्ष वा वडा समितिले सिफारिस गरेको एकजना अनिवार्य हुनुपर्ने व्यवस्थालाई बेवास्ता गरिएको देखिएको छ । थाहा नगरपालिका-३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीले विद्यालय व्यवस्थापन समिति चयनबारे कुनै जानकारी नभएको बताए । रायमाझीले कात्तिक २३ गते बैठक सुरु हुने समयमा बोलाइएको र अन्यत्र कार्यक्रम भएको कारण उपस्थित हुन नसकेको बताए । वडाअध्यक्ष रायमाझीले विद्यालय व्यवस्थापन समिति चयन गर्ने अन्य प्रक्रियाको बारेमा आफूलाई जनकारी नभएको बताए ।

थाहा नगरपालिकाको शिक्षा अधिकारी माधवबिक्रम मल्ल आफू अभिभावक भेलाको दिन उपस्थित भएको र विद्यालय व्यवस्थापन समित गठनको अन्य गतिविधि र प्रक्रियाको बारेमा थप जानकारी नभएको बताए । उनले विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा सम्वन्धित वडाको जनप्रतिनिधिको उपस्थिति हुनपर्ने बताए ।

विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा वडाअध्यक्षलाई फोनमार्फत् जानकारी गराइएको र हरेक पद्दतिमा बहुमतको निर्णय कार्यान्वयन हुने हुँदा वडाअध्यक्ष उपस्थित नहुँदा विधिले फरक नपर्ने जनकल्याण माविका प्रधानाध्यापक सानोभाइ कार्कीले बताए । जनकल्याण माविमा बालविकास केन्द्रदेखि कक्षा १२ सम्म, प्राबिधिकतर्फ कक्षा ९ देखि १२ सम्म बाली बिज्ञान र सीटीईभीटी अन्तरगतको ३ बर्षे डिप्लोमा इन प्लान्ट साईन्स अध्ययन अध्यापन भइरहेको छ ।

# पशुपतिनाथ माविका बालबालिकाको कान परीक्षण

साझाकुरा संवाददाता



हेटौंडा, ९ मंसिर/ मकवानपुरको मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविका बालबालिका र अभिभावकको कान परीक्षण शिबिर सम्पन्न भएको छ । अन्तराष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको आयोजनामा विद्यालयमा अध्ययन गर्ने बालबालिकाको कान परीक्षण शिबिर संचालन गरेको हो ।

किवानिज क्लब मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन गर्दै मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुलाई पालिकाले सघाउने बताए । मानिसका लागि आँखा, कान, मुटु जस्ता महत्वपूर्ण अंगको अवस्थाबारे समयमै जानकारी लिन सके भबिश्यमा ठूलो नोक्सानी हुनबाट जोगिाउने बताउँदै अध्यक्ष कालाखेतीले भने-'यस्तो शिबिर मनहरी गाउँपालिकामा रहेका ३२ वटै विद्यालयमा गर्नु जरुरी छ ।'

गाउँपालिकाले शिक्षा र स्वाथ्यलाई बिशेष प्राथमिकताका साथ काम गरिरहेको भन्दै अध्यक्ष कालाखेतीले विद्यालयमा पठनपाठनका साथै यस्ता शिबिरले बालबालिकालाई स्वस्थ्य रहन सहयोग पुऱ्याउने बताए । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतमले बालबालिकालाई आफ्नो कान कमजोर छ भन्ने कुरा थाहा नहुने भएकोले शिबिर संचालन गरिएको बताए ।

क्लबले आगामी साता हटियाको विद्यालयमा बालबालिकाको आँखा परीक्षण गर्ने शिबिर आयोजना गर्ने बताइएको छ । शिबिरमा नेपालगंजस्थित आइडियल फर्मासिटिकल्स प्रालिले औषधि सौजन्य गरेको किवानिज क्लबका मकवानपुरका संस्थापक अध्यक्ष पराजुलीले जानकारी दिए ।

कार्यक्रममा वडाअध्यक्ष प्रकाश थापा, साहित्यकार तथा सेवानिबृत्त शिक्षक हयग्रीव आचार्य, किवानिज क्लब मकवानपुरका सचिव भीमप्रसाद फुँयाल (दिनेश)लगायतले बालबालिकाको आँखा, कान जस्ता अंगको परीक्षण गर्ने शिबिरको आयोजना गरी विद्यालयले पुण्यको काम गरेको बताए । गाउँपालिका अध्यक्ष कालाखेतीको कानको परीक्षण गरी सुरुवात गरिएको शिबिरमा करिब दुई सय ५० जना बालबालिका तथा अभिभावकको कानको परीक्षणका साथै निशुल्क औषधि बितरण गरिएको थियो ।

शिबिरमा हेटौंडा अस्पतालका नाक, कान, घाँटी बिशेषज्ञ डा. अनुप सञ्जेलले कानको परीक्षण गरेका थिए । कार्यक्रममा किवानिज क्लब मकवानपुरका कोषाध्यक्ष शम्भु घर्ती, लायन्स क्लब अफ गुल्मोहर काठमाडौंकी सकुन्तला बस्नेत, किवानिज क्लब मकवानपुर का सदस्य शारदा भुजेल, दिपेश अधिकारी, मनहरी गाउँ कार्यपालिका सदस्य मीरा खत्री, विद्यालय ब्यवस्थापन समितिका सदस्य सीता नेपाली, कल्पना कार्की, मुकुन्द सुबेदी, विद्यालयका शिक्षकहरुलगायतको सहभागिता रहेको थियो ।

यसैबीच पशुपतिनाथ माविबाट २०७९ को एसईई परीक्षामा उत्कृष्ठ नतिजा ल्याउन सफल छात्र रितेश बिष्ट र छात्रा पार्वती तितुङलाई जनही ११ हजार पाँच सय रुपैयाँका दरले छात्रबृत्ति रकम पनि प्रदान गरिएको थियो । पशुपतिनाथ माविका पूर्वप्रधानाध्यापक समेत रहेका तीर्थराज पराजुलीले आफ्नो मातापीता शिबकुमारी, रामजीप्रसाद पराजुलीको स्मृतिमा स्थापना गरेको कोषबाट दुई जना उत्कृष्ठ छात्रछात्रालाई रकम प्रदान गरिएको हो । बिगत ३ वर्षदेखि पराजुलीले यो विद्यालयमा छात्रबृत्ति प्रदान गर्दै आएका छन् ।

# रानी सामुदायिक वनको साधारणसभा १५ जना सम्मानीत

साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको २७ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । डिभिजन वन कार्यालय, मकवानपुरका वन अधिकृत पुष्पराज बर्त्तौलाको प्रमुख आतिथ्यता एवम समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा साधारणसभा भएको हो ।

साधारणसभामा समूहका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, सचिव नानीमाया रुम्बाले प्रगति प्रतिवेदन, कोषाध्यक्ष गोमा लामिछानेले चालु आव. ०८०/८१ को लागि ४७ लाख ५० हजारको अनुमानित आयब्यय विवरण, लेखा संयोजक श्यामकुमार श्रेष्ठले लेखा समितिको प्रतिवेदन र कार्यालय सचिव भीमसेन पौडेलले आव. ०७९/८० को लेखा परीक्षण प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभाको अवसरमा विभिन्न विधाका १५ जना ब्यक्तिलाई सम्मानित गरिएको थियो । ज्येष्ठ उपभोक्तामा थिरकुमारी बर्तौला र कपिलमुनि तिमल्सिना, वन प्राविधिकमा सव डिभिजन वन कार्यालय, हेटौडाका प्रमुख रामचन्द्र श्रेष्ठ, सञ्चारकर्मीमा कान्तिपुर राष्ट्रिय दैनिकका सम्वाददाता प्रताप विष्ट, विपी गणेशमान स्मृति शान्तिपार्क निर्माणमा सहयोग गर्ने अर्जुनप्रसाद चौलागाई, साधुराम चौलागाई, बासुदेव सापकोटा, भरत सापकोटा र रुपेश दुलाललाई सम्मानित गरिएको थियो ।

यसैगरी साधारणसभामा धेरै उपभोक्ता उपस्थित गराउने केशव धिताल, सालक संरक्षणमा सहयोग गर्ने हिमालयन नेचर र प्रदीप ढुङ्गाना, २०७९ सालको एसईइमा उत्कृष्ट अंक हासिल गर्ने शान्तिकुमारी शाह र रिजन घोरसाइनी र उत्कृष्ट कर्मचारीमा समूहका कार्यालय सचिव भीमसेन पौडेललाई सम्मानित गरिएको थियो ।

साधारसणसभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मकवानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, हेटौंडा-६ का वडा सदस्य विजय पौडेल, लेखराज ढकाल, मुना विक., सरिता सापकोटा, सामुदायिक वन उपभेक्ता महासंघ, राष्ट्रिय कार्यसमिति सदस्य रामहरि चौलागाई, मकवानपुर अध्यक्ष साधुराम चौलागाई, भूमि आयोग मकवानपुरका विज्ञसदस्य अर्जुनप्रसाद चौलागाई, बंशगोपाल माविका प्राचार्य रमेशप्रसाद लामिछाने, सव डिभिजन वन कार्यालय, हेटौंडाका फरेष्टर यदुकुमार घिमिरे, समूहका सल्लाहकार कृष्ण बिडारी, हिमाल महिमला बहुउद्धेश्यीय सहकारीकी अध्यक्ष जानकी दाहाल, कामधेनु सहकारीका अध्यक्ष उदय विडारी, नौलो बिहानी कृषि सहकारीका अध्यक्ष भरत सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

# हेटौंडा उपमहानगर र पाँचपोखरी थाङपाल गाउँपालिका बीच भगिनी सम्बन्ध




साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर /हेटौंडा उपमहानगरपालिका र सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ । शुक्रबार सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकामा आयोजित समारोहमा दुई स्थानीय तहबीच भगिनी सम्बन्ध स्थापित गरिएको हो ।

हेटौंडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामा र पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामाले भगिनी सम्बन्ध कायम गर्ने सहमतीपत्रमा हस्ताक्षर गरेका थिए । दुई पालिकाबीच आसपमा असल अभ्यास, कार्य सम्पादनका सवालमा सिकाई लगायतका विषय आदान-प्रदान गर्नका लागि भगिनी सम्बन्ध कायम गरिएको हेटौंडा उपमहानगर पालिकाका प्रमुख लामाले बताइन् । आगामी दिनमा एकले अर्को पालिकालाई सहयोग गरी अघि बढ्नका लागि भगिनी सम्बन्धलाई प्रभावकारी ढंगबाट अगाडि बढाइने प्रमुख लामाको भनाई छ ।

आगामी दिनमा दुवै पालिकाका कार्यपालिका सदस्यबीच आपसी छलफलमार्फत सहकार्य, सहयोगात्मक अभियानका गतिविधीलाई अगाडि बढाइने हेटौंडा उपमहानगरपालिकाका वित्त व्यवस्थापन महाशाखा प्रमुख, उपनिर्देशक अनिरुद्र नेपाल बताउँछन् । गुरु रेम्पोछेको प्रतिमा शिलान्यास सहित दुई पालिकाबीच भगिनी सम्बन्ध स्थापितको उद्धेश्यले आयोजित कार्यक्रममा पाँचपोखरी थाङपाल गाउँपालिकाका उपाध्यक्ष सुनिता अधिकारी, गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृत लक्ष्मण कुईकेल, प्रमुख रानीतिक सल्लाहकार शिशिर वाईवा, हेटौंडा उपमहानगर पालिका वडा नम्बर ८ का अध्यक्ष रामकृष्ण थापा, वडा नम्बर ९ का अध्यक्ष शुकराम केसी, हेटौंडा उपमहानगरपालिका प्रमुखका स्वकीय सचिव रुपा बिडारी, नागीथामडाँडा संरक्षण समितिका अध्यक्ष फुर्पासिंगी लामा लगायतको उपस्थिति थियो ।

हेटौंडा उपमहानगर पालिकाले सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाबाट आफ्नो पहिलो भगिनी सम्बन्ध सुरुवात गरेको हो । आगामी दिनमा अन्य जिल्लाका पालिकासँग पनि भगिनी सम्बन्ध कायम गरी अघि बढ्ने योजनामा पालिका रहेको बताइएको छ ।

# ग्रिन्डलेजको १४ औं साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता




हेटौंडा, ९ मंसिर/ ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्था लि.को १४ औं साधारणसभा शनिबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष महेन्द्र इटेनीको सभाध्यक्षता तथा जिसस मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतितथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्वोधन गर्दै प्रमुख अतिथि घलानले सहकारीहरुले ऋण मात्र दिने होइन औद्योगिकरणमा पनि जोड दिनु पर्ने बताए । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघकी कोषाध्यक्ष विष्णुमाया लामा, हेटौंडा-१० का वडासदस्य इश्वरप्रसाद मैनाली, ग्रिन्डलेजका वरिष्ठ सल्लाहकार सत्यनारायण सिलवाल, उपाध्यक्ष जानुकादेवी कँडेल लगायतको आतितथ्यता रहेको थियो ।

कार्यक्रममा एसइईमा उत्कृष्ट अंक ल्याई उत्तीर्ण हुने छात्र एन्जीला दंगाल, जेष्ठ सदस्य शिवराम थापा, असल बचतकर्ता किरणरोशन मल्ल, असल ऋणि राजु न्यौपाने सम्मानित भएका थिए ।


## शिक्षक आवश्यकता

*तेस्रो पटक सूचना प्रकाशन २०८०/०८/०९*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर, हेटौंडाको मिति २०८०/०४/१२ को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०४/१४ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षकहरु आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्य ईच्छुक नेपाली नागरिकबाट पुन: दरखास्त आव्हानका लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**

| क.स. | विज्ञापन नं. | तह/पद | प्रकार | विषय | संख्या | अध्ययन विषय |
|---|---|---|---|---|---|---|
| १. | ००१/०८०/०८१ | नि.मा.वि. | राहत | अंग्रेजी | १ | अंग्रेजी |
| २. | ००२/०८०/०८१ | नि.मा.वि. | राहत | विज्ञान | १ | विज्ञान |

३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४. शैक्षिक योग्यता : सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।
५. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संसोधित नयाँ पाठ्यक्रम अनुसार)
६. तलब भत्ता : नेपाल सरकारको राहत कोटाको लागि तोकिए बमोजिम
७. दरखास्त दस्तुर : नगद रु १,५००।- (एक हजार पाँच सय मात्र) निवेदन साथ
८. दरखास्त दिने अन्तिम दिन : २०८०/०८/१५ गते विद्यालय समय भित्र
९. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
१०. सम्पर्क मिति : २०८०/०८/१५ गते अपरान्ह ४:०० बजे पछि
११. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ
१२. आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्त लिखित निवेदन - १ थान
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि - २ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रहरुको प्रतिलिपि २/२ थान
घ) निम्नमाध्यमिक तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि - २ थान

**नोट:-** क. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा भएका उमेदवारहरुले समेत विज्ञापन भएको मितिले ७ दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
ख. माथिल्लो योग्यता भएको, ICT मा दक्ष भएको एवं अनुभवि व्यक्तिलाई विषेश ग्राह्यता दिईने छ ।

सम्पर्क नं. ९८५५०७०९४४ प्र.अ., ९८५५०७४३१५ अध्यक्ष, ९८४५२९४७५२ वडा प्रतिनिधि, ९८४५१६७७४४ म. सदस्य, ९८४५२६९८८८ वडा अध्यक्ष, ९८४५२९८४०० स. प्र.अ., ९८४५९२७२७४स. प्र.अ.

**श्री बाल उज्ज्वल माध्यमिक विद्यालय**
हे.उ.म.न.पा.-३, लेवट, मकवानपुर


## उदयपुरमा स्कुल बस दुर्घटना हुँदा ३ जनाको मृत्यु, ३९ घाइते

उदयपुर, ९ मंसिर/ त्रियुगा नगरपालिका-५ देउरीको अन्नपूर्ण स्कुलको बस शनिबार दिउँसो उदयपुर गढी गाउँपालिका-७ अँधेरीमा दुर्घटना हुँदा बस चालकसहित तीनको मृत्यु भएको छ भने बसमा सवार ३९ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बनभोजबाट फर्कने क्रममा बस दुर्घटना भएको हो । दुर्घटनामा परी बस चालक ४० वर्षीय भिखन चौधरीको घटनास्थलमा नै मृत्यु भएको छ । साथै, ७ वर्षे सन्ध्या चौधरी र ६ वर्षे विकास चौधरीको मृत्यु भएको छ ।

घाइते विद्यार्थीको जिल्ला प्रहरी र स्थानीयको सहयोगमा जिल्ला अस्पताल उदयपुर ल्याइ उपचार सुरु गरिएको जिल्ला प्रहरी कार्यलय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीले बताए । गम्भीर घाइते पाँच जनालाई थप उपचारका लागि विराटनगर पठाइएको छ ।

# हेटौंडामा अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगिता हुने



साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ आगामी मंसिर १२ गतेदेखि हेटौंडामा अन्तर्राष्ट्रिय एसियाली बुद्धिचाल प्रतियोगिता हुने भएको छ । प्रतियोगिता मकवानपुर जिल्ला बुद्धिचाल संघको आयोजनामा हुने भएको हो ।

प्रतियोगिता मंसिर १७ गतेसम्म संचालन हुने संघका अध्यक्ष मनोज श्रेष्ठले जानकारी दिए । प्रतियोगिता राष्ट्रिय खेलकुद परिषद् काठमाडौं, बागमती प्रदेश खेलकुद विकास परिषद् हेटौंडा, हेटौंडा उपमहानगरपालिका र हेटौंडाको विभिन्न वडाहरुको आर्थिक सहयोगमा हुन लागेको उनले बताए ।

श्रेष्ठका अनुसार, प्रतियोगितामा विभिन्न देशबाट करिब १३० जना खेलाडीले नाम दर्ता गराइसकेका छन् । प्रतियोगिता ९ राउण्डमा खेलाइनेछ । सो प्रतियोगितामा प्रथम, द्बितीय, तृतीय, चौथो, पाँचौं र छैटौंदेखि दशौंसम्म हुनेले क्रमश: १ लाख २५ हजार रुपैयाँ, ७५ हजार रुपैयाँ, ४० हजार रुपैयाँ, २५ हजार रुपैयाँ, २० हजार रुपैयाँ, १५ हजार रुपैयाँ र ११ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगितामा सहभागिता जनाउने प्रतियोगीका लागि ५ रात ६ दिनको लागि नि:शुल्क खाने बस्ने व्यवस्था गरिएको आयोजकले जनाएको छ ।


## जय शिव शम्भो
## धार्मिक यात्रामा जाने हो ?

**मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ**



*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना